# ❧ २ ❧

*[संवत् २०६१ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री फणीन्द्रराज खेतालालाई र सोही सालको 'मदन पुरस्कार' 'पल्पसा क्याफे' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री नारायण वाग्लेलाई समर्पण गर्न संवत् २०६२ साल आश्विन १८ गते रोज ४ का दिन आयोजित समारोहमा मदन पुरस्कार गुठीका सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन । यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १८४ बाट उद्धृत गरिएको हो ।]*

आदरणीय अध्यक्षज्यू, आजका सम्मानित 'ब्यौलाहरू', अङ्गुरबाबाज्यू र उपस्थित विद्वान्-विदुषीहरू !

दस वर्ष गुठीको सदस्य-सचिव भएर गुठीको कामकारबाईको सम्पूर्ण जिम्मेवारी बोकिदिने विष्णु दादा (स्व. विष्णुप्रसाद घिताल) को अनुपस्थिति आज मलाई खड्किरहेछ । उहाँले गरिआउनुभएको काम, यो धन्यवाद ज्ञापनको कार्य जानीनजानी मैले गर्नुपरेको छ। मलाई केटाकेटी बेलादेखि नै उहाँले सिकाउँदै/सधाउँदै आउनुभएको हो । त्यसैले आज म सर्वप्रथम उहाँकै स्वर्गीय आत्मालाई धन्यवाद अर्पण गर्दछु । त्यसपछि मैले मेरा अग्रज सदस्यज्यूहरूलाई धन्यवाद अर्पण गर्नुपर्छ। नेपाली भाषा र साहित्यको मर्म सम्झाउँदै/बुझाउँदै गुठीको सचिवको गहन र गाह्रो कामकर्तव्यमा अग्रसर गराएकोमा म उहाँहरूप्रति अत्यन्त कृतज्ञ छु। मलाई यस काममा अझै केही समय उहाँहरूले सहयोग गरिदिनुपर्नेछ । त्यसका लागि पनि म उहाँहरूलाई अग्रिम धन्यवाद ज्ञापन गर्दछु ।

म आफू पनि पत्रकार भएकाले, एक जना पत्रकारकै पहिलो पुस्तकले यसपटक मदन पुरस्कार पाएकोमा सबै नेपाली पत्रकार प्रसन्न होलान् र गुठीलाई धन्यवाद देलान् भन्ने मैले आशा गरेको थिएँ। तर केहीकेही पत्रकार साथीहरूलाई भने खुसी लागेनछ ! मलाई अचम्म लाग्यो, भए पनि हामीलाई यस्ता कुराको समेत ज्ञान गराइदिएकोमा गुठी उहाँहरूप्रति पनि कृतज्ञ छ ।

आदरणीय खेतालाज्यू, हामीले अर्पण गरेको सम्मान ग्रहण गर्न यहाँसम्म आइदिनुभएकोमा गुठी अनुगृहीत छ, तपाईंलाई धन्यवाद निवेदन गर्दछु। मेरा मित्र नारायण वाग्ले हामी सबैभन्दा अगाडि पुगेकोमा मलाई ईर्ष्या लागेको छ, तर आजको यस्तो समारोहमा त्यस्तो भावना व्यक्त गर्न नहुने भएकाले, पत्रकार भएर यो पुरस्कार पाइदिएकोमा म उहाँलाई हार्दिक धन्यवाद दिन्छु।

समादरणीय अङ्गुरबाबाज्यू, तपाईंको गरिमामय उपस्थिति र सारपूर्ण प्रवचनबाट गुठी गौरवान्वित भएको छ। गुठीका तर्फबाट म तपाईंमा कृतज्ञतापूर्ण धन्यवाद अर्पण गर्दछु।

विद्वद्वर्ग अतिथिगण, दसैंको समय, तर छुट्टी नभएका बेलामा पनि हाम्रो निमन्त्रण स्वीकार गरेर यहाँसम्म आइदिनुभएकोमा तपाईंहरूको हामीले गुन मानेका छौं। तपाईंहरूको उपस्थितिले नै यो सभास्थल यति भव्य देखिएको हो। तपाईंहरू सबैलाई धेरै धन्यवाद छ।

समारोहस्थल उपलब्ध गराएर मात्र होइन, चाहिने अरू सबै सहयोग गरेकोमा समेत रातो बङ्गला स्कूलको सम्पूर्ण परिवारलाई गुठीका तर्फबाट धन्यवाद-ज्ञापन गर्दछु। जगदम्बा प्रेसबाट पनि गुठीले धेरै सहयोग पाएको छ। प्रेसका सम्बन्धित सबैलाई म धन्यवाद भन्छु।

अन्त्यमा, अतिथिज्यूहरूका लागि केही व्यञ्जनको व्यवस्था गरिएको छ, त्यो गर्ने विशेषज्ञहरूलाई धन्यवाद दिंदै मीठोनमीठो जेभए पनि खाएर जाने आमन्त्रितहरूलाई झन धेरै धन्यवाद दिन्छु।

धन्यवाद !

☒ ☒ ☒